दर्ता नं. १६८/०५२/०५३ स.क.प. आवद्धता नं.: ३४१९/०५२

# सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल

## संघीय महासंघको सचिवालय

पत्र संख्याः ३११/०८१-०८२
चलानी नम्बरः ८२१

**सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल**
**नवौं संघीय परिषद**
**२० र २१ जेठ २०८२**
**राष्ट्रिय सभागृह काठमाण्डौं**
**घोषणा-पत्र**

सामुदायिक वन उपभोक्ता महासंघ नेपालले आफ्नो गौरवपूर्ण सातौं राष्ट्रिय महाधिवेशन सम्पन्न पश्चात महासंघको विधानमा भएको व्यवस्था अनुसार नवौं संघीय परिषद मिति २०८२ जेठ २० र २१ गते राष्ट्रिय सभागृह काठमाडौमा **"वनको दिगो व्यवस्थापन र सामुदायिक अधिकार : समावेशि सुशासन र हरित अर्थतन्त्र संमृद्धिको आधार"** भन्ने मूल नाराका साथ भव्य रुपमा सम्पन्न भएको छ । यस परिषदमा नेपालको सामुदायिक वनलाई सामुदायिक स्वयत्तता, सशक्तिकरण ,लैगिङ्ग समनाता , समावेशिकरण, सुशासन, उद्यम तथा पर्यापर्यटन विकास र सामुदायिक संमृद्धि सहित वनको दिगो व्यवस्थापनको आधार वनाउदै नेपाललाई काठ लगायतका वन पैदावारमा, प्रभावकारी एवं वातवरणिय सेवा मार्फत आत्मनिर्भर वनाउने अभियानमा राजीतिक दलका प्रतिनिधिहरु, सरोकारवालाहरुवाट साझा प्रतिवद्धता व्यक्त भएको छ ।

नेपालमा लोकतान्त्रिक गणतन्त्र र संघीय संरचनाको अभ्यास भैरहेको एक दशक भन्दा वढि भैसकेको अवस्थामा यसको संस्थागत विकास र कार्यान्वयनमा तथाकथित पुरातनवादी शक्तिहरुले विरोधका गतिविधिहरु संचालन गरेका छन यसै सर्न्दभमा नेपाल सरकार र राजनीतिक पार्टीहरुलाई संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनमा एकतावद्ध भै लाग्न हार्दिक अनुरोधका साथ संघिय लोकतान्त्रिक गणतन्त्रलाई थप मजवुत गराउन सामुदायिक वन उपभोक्ता महासंघ प्रतिवद्धता व्यक्त गर्दछौं ।

विश्वव्यापी दिगो विकासका लक्ष्यहरु कार्यन्वयन र जलवायू परिवर्तन सम्वन्धि पेरिस सम्झौता लागू भएको पनि एक दशक पुग्न लागेको परिवेषमा सामुदायिक वनका शर्न्दभमा सृजना भएका अवसर र चुनौतीहरुको वारेमा यस परिषदले औपचारिक एवं अनौपचारिक रुपमा गहन समिक्षा गरेको छ । सामुदायिक वन क्षेत्रको भौतिक पूर्वधार निर्माण र नाफामुलक क्षेत्रको तिव्र हस्तक्षेप, वन क्षेत्रका कानून निर्माणको प्रक्रियामा भैरहेको स्वार्थी समूहको हस्तक्षेप, तेहेरो कर, वन डढेलो,वन उद्यम, वन्यजन्तु आक्रमण, लैङ्गिक हिंसा, महिला, यूवा नेतृत्वका विषयका साथै विदेशी काठ आयात प्रक्रियालाई रोकी स्वदेशि काठको प्रयोग गर्ने जस्ता विषयहरु यस परिषदले प्रमुख चासोको रुपमा लिएको छ । वनको दिगो व्यवस्थापन मार्फत संमृद्ध जीविकोपार्जन नै सामुदायिक वनको मूल मर्म भएको र यसका लागि सामुदायिक वनको योगदान, भूमिका र प्रभावकारीता वढाउने साझा प्रतिवद्धता सहित सम्पन भएको यस महासंघको नवौं संघिय परिषद मार्फत २१ वुदे घोषणा पत्र जारी गरिएको छ ।

१. नेपालको संविधान र संघीय कानून विपरित हुनेगरी प्रदेश सरकारहरुले सामुदायिक वन उपभोक्ता समूहमा लगाउँदै आएको तेहेरो कर हटाउन माग गरी महासंघले सञ्चालन गर्दै आएको आन्दोलनमा सक्रिय रुपमा सहभागी हुने सामुदायिक वन उपभोक्ता समूहहरु, स्थानीय महासंघ, जिल्ला महासंघ र प्रदेश महासंघ सहित ऐक्यवद्धता जाहेर गर्ने सबै नागरिक समाज, सरोकारवालाहरु समेतलाई धन्यवाद व्यक्त गर्दछौं । हाल सम्म पनि एकातिर तेहेरो करको मार समाधान हुन सकेको छैन भने नेपाल सरकारले २०८२ जेठ ९ गते सार्वजनिक गरेको आर्थिक सुधार कार्यान्वयन योजना २०८२ को बुदा नं १९२ मा सामुदायिक वनको रकम तीनै तहका सरकार बीच बाँडफाँड गर्ने भनी राखिएको योजना तथा क्रियाकलापले सामुदायिक वनको अस्तित्व समाप्त पार्ने भएको हुदा उक्त योजनाको वुदा न १९२ तत्काल खारेज़ गरीयोस ।

२. सामुदायिक वन उपभोक्ता समूह भनेको समुदायको परम्परागत ज्ञान, सीप, प्रथाजनित अभ्यास हो जसले समुदायमा भएका विभिन्न जातजातीका संस्कृतिलाई वचाउदै महिला, आदीवासि जनजाती, दलित,अल्पसंख्यक, मधेसी, मुस्लिम आदिको नेतृत्व क्षमता विकास गरी वातवरण संरक्षण तथा जैविक विविधताको संरक्षण गर्दै आईरहेका छन् । त्यसकारण सामुदायिक वन मर्जरको विरुद्धमा महासंघले नियामित वहस गर्दै आएको छ । साना साना समूहले गरेको कार्यको अवमूल्यान गर्ने गरी मर्जरको कुरा ल्याएर आर्थिक पाटोलाई मात्र हेर्ने भएका कारण समूह मर्जरको विरुद्धमा नियामित खवरदारि गर्न देहभरका सामुदायिक वन उपभोक्ता समुहहरुलाई आव्हान गर्दै सामुदायिक वनहरुलाई मर्जर गर्ने कार्य रोक्न नेपाल सरकार सग जोडदार माग गर्दछौ ।

३. सामुदायिक वन व्यवस्थापनका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको छ भन्ने कुरामा हामी विश्वस्त छौं । यद्यपि सामुदायिक वनमा पर्यापर्यटन विकास गर्ने कार्यमा स्थानीय तहबाट सृजना हुँदै आएका हस्तक्षेपकारी भुमिका प्रति यस महासंघको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ । त्यसैले सामुदायिक वनका कार्ययोजना तर्जुमाका क्रममा स्थानीय तहसँग गरिने परामर्श, सामुदायिक वनको वन पैदावार संकलन सम्बन्धी योजना कार्यान्वयन र सामुदायिक वनमा आधारित पर्यापर्यटनका कार्यहरुमा स्थानीय तहबाट अवरोध सृजना नगरी सहयोग र सहकार्यका लागि हार्दिक अनुरोध गर्दछौं । यसैगरी सामुदायिक वनमा उपभोक्ता समूहले सञ्चालन गर्दै आएका पर्यापर्यटन कार्यक्रमहरु निजी क्षेत्रलाई सुम्पिने गरी स्थानीय तहबाट प्रकाशन गरिएका सम्पूर्ण बोलपत्र आव्हानहरु तत्काल रद्द गर्न अग्रह गर्दछौं ।

४. वन नियमावली २०७९ मा गरिएका विभिन्न व्यवस्थाहरु संघीय वन ऐन २०७६ र प्रदेशका वन ऐन, नियमावली र आर्थिक ऐन सँग बाझिएकोले वन नियमावली २०७९ मा संशोधनका लागि पेश गरिएका सुझावहरु सम्वोधन हुनेगरी वन नियमावली २०७९ लगायत प्रदेश ऐन, नियमहरु तत्काल संशोधन गर्नका लागि नेपाल सरकार र प्रदेश सरकार समक्ष जोडदार माग गर्दछौं ।

५. सामुदायिक वन क्षेत्रमा गम्भीर प्रभाव पर्नेगरी जलविद्युत आयोजना, केवलकार, होटल तथा रिसोर्ट स्थापना गर्ने जस्ता कार्यहरु हटाई वन लगायतका प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार खोस्ने खालका कार्य तत्काल वन्द गर्न आव्हान गर्दछौं ।

६. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ तत्काल खारेज गरी समूदाय मैत्री ऐन वनाउन र मध्यवर्ति सामुदायिक वनहरुलाई सामुदायिक वनमा रुपान्तरण गर्न हार्दिक आव्हान गर्दछौं ।

७. नेपालमा तर्जुमा गरिएका जलवायु परिवर्तन सम्बन्धी नीति तथा कानूनहरुमा जलवायु वित्तका रुपमा प्राप्त रकमको कम्तिमा ८० प्रतिशत रकम स्थानीय समुदायमा प्रवाह गरिने व्यवस्था गरिएको भएपनि उक्त व्यवस्थाको वेवास्ता गरी नेपाल सरकार लगायत जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा सहयोग गर्ने दातृ निकायहरुले समेत सामुदायिक वन उपभोक्ता समूह लगायतका स्थानीय समुदाय मार्फत जलवायु वित्त परिचालन नगरी सरोकार नै नभएका सरकारी निकाय र नाफामूलक क्षेत्रलाई हावी गराउने गरी जलवायु वित्तको दुरुपयोग गर्ने कार्य गरिदै आएकोले तत्काल उक्त कार्य रोकी जलवायु वित्तको ८० प्रतिशत रकम सोही प्रयोजनमा उपभोक्ता समूहको निर्णय अनुसार खर्च गर्न पाउने हक सुरक्षीत गर्दै सामुदायिक वन उपभोक्ता समूहलाई उपलब्ध गराउनका लागि सवै तहका सरकार र दातृ निकाय समक्ष हार्दिक आग्रह गर्दछौं ।

८. जैविक विविधता महासन्धी १९९२ र सो अन्तर्गका पक्षराष्ट्रको सम्मेलनहरुले सामुदायिक वनलाई पनि संरक्षणका प्रभावकारी उपायको रुपमा मान्यता दिने निर्णय गरेकोले नेपालमा कुनै पनि नाम गरेका थप संरक्षित क्षेत्रहरु घोषणा नगरी सामुदायिक वनका माध्यमबाट नै जैविक विविधता संरक्षण गर्ने कार्यमा प्रतिवद्ध हुन नेपाल सरकार समक्ष आव्हान गर्दै दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने कार्य सामुदायिक वन उपभोक्ता समूह मार्फत गरिने छ भनी

संयुक्त राष्ट्रसघ समक्ष नेपालले पेश गरेको प्रतिवद्धता स्मरण गराउँदै उक्त प्रतिवद्धताबाट विचलित नहुन आग्रह गर्दछौं ।

९. वन नियमावली २०७९ मा सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाको सहमति विना सामुदायिक वनमा कुनै पनि किसिमका विकास आयोजनाका लागि भौतिक संरचना बनाउन नपाईने व्यवस्था गरिएको भएपनि उक्त प्रावधानको वेवास्ता गरी समूहको साधारण सभाको सहमति विना सामुदायिक वनमा विकास आयोजनाका नाममा अतिक्रमण गरी भौतिक संरचाना बनाउने कार्य गरीएकोले उक्त कार्य रोक्नका लागि सबै तहका सरकार समक्ष हार्दिक आव्हान गर्दछौं ।

१०. सामुदायिक वनका माध्यबाट वन पैदावार संकलन र प्रशोधन गर्नेगरी लघु उद्यम, घरेलु उद्योग सञ्चालन हुँदै आएको भएपनि सामुदायिक वन उपभोक्ता समूहले उधम दर्ता गर्न नपाई रहेकोले उधेग ऐनमा सामुदायिक वनको उधम दर्ता गर्न पाउने व्यवस्था गरियोस ।

११. सामुदायिक वन क्षेत्रमा युवा सहभागिता बढाउन र सामुदायिक वनको नेतृत्वमा ल्याउन अभिप्रेरित गर्ने उद्देश्यले सामुदायिक वनमा युवा लक्षीत कार्यक्रम अभियानको रुपमा लैजान सम्वन्धित सवै सरोकारवालाहरुसँग हार्दिक आव्हान गर्दछौ ।

१२. जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकुलनलाई प्रभावकारी बनाउन र हिमालको महत्वलाई विश्वव्यापी रुपमा जनजागरण ल्याउन प्रकृति, संस्कृति र समृद्धिको सम्मान गर्दै हिमाल बचाउ अभियान संचालन गर्ने ।

१३. सामुदायिक वनका माध्यमबाट वनको दिगो व्यवस्थापन , वातावरण र जैविक विविधताको संरक्षण, रोजगारी र आय आर्जन सृजना , गरिवी न्यूनीकरण, लैङ्गिक समानता र महिला सशक्तिकरण, सामाजिक समावेशीकरण, वन पैदावारको न्यायोचित वितरण , वन सम्बन्धी प्रथाजनित अभ्यासहरुको सम्मान, लोकतन्त्र र सुशासन सुदृढीकरण गर्ने जस्ता कार्यलाई सामुदायिक वन उपभोक्ता समूहले प्राथमकिता र उच्च महत्व दिदै आएको छ । त्यसैले यस्ता कार्यहरुप्रति प्रतिवद्ध भई सामुदायिक वनको मर्म र भावना अनुसार नै सामुदायिक वन व्यवस्थापनका कार्यहरु गर्नका लागि सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहहरु समक्ष हार्दिक आव्हान गर्दछौं ।

१४. जलवायुजन्य प्रकोपका कारण हावाहुरी, वन डढेलो तथा आगलागि जोखिम वढि हुने गरेको छ । वर्षेनी ठूलो मात्रामा धनजनको क्षति भइरहेको छ । यो क्षतिलाई न्यूनीकरण गर्नको लागि सवै सरोकारवाला संघ संस्थाको ध्यान जान जरुरी छ भने सरकारका वार्षिक नीति तथा कार्यक्रममा क्षमता विकासका कार्यक्रमहरु, सुरक्षाका साधन स्रोत, बीमा, अग्नीरेखा निर्माण, जनचेतना, राहात र उचित क्षतिपुर्तीका लागि अनिवार्य बजेट छुट्याई वनलाई डढेलोवाट जोगाई वायु प्रदुशण र आगलागिवाट हुने जनधनको क्षतिलाई कम गर्नको लागि आम उपभोक्ता, तिनै तहका सरकार तथा सबै सरोकारवालाहरु समक्ष हार्दिक आवहान गर्दछौ ।

१५. नेपाल सरकारले निर्माण गर्ने पुर्वाधारहरुमा स्वदेशी काठको प्रयोग गर्न र विदेशवाट आयात हुने काठलाई प्रतिस्थापन गर्न जोडदार माग गर्दछौं ।

१६. सामुदायिक वनको कार्ययोजना वनाउदा कुनै पनि विशेषण नराखीकन सामुदायिक वनको कार्ययोजना वानाईयोस र कार्ययोजना वनउनका लागि तीनै तहका सरकारको तर्फवाट आर्थिक, प्राविधिक सहयोग गरियोस, समुदायिक वनका कार्ययोजना वनाउने नाममा समूहमा अवैधानिक रुपमा आर्थिक व्ययभार वढाउने कार्य वन्द गरियोस ।

१७. वन्यजन्तुको आक्रमणका कारण मानविय धनजनको ठुलो क्षति भएको हुँदा वन्यजन्तुको पालन, वेचविखन गर्न पाउने व्यवस्था गरियोस साथै वन्यजन्तुवाट भएको क्षति वापत राहत र उचित क्षतिपुर्तिको व्यवस्था गर्दै वन्यजन्तुवाट हुने आतंक तत्काल बन्द गरियोस् ।

१८. सामुदायिक वन अभियानलाई व्यवस्थित गर्दै समावेशी बनाउन वन क्षेत्र र नवीन प्रविधिमा आधारित युवा लक्षित स्टाटअप ब्यापार कार्यक्रम तथा वित्तिय संघ संस्थावाट अनिवार्यरुपमा गरिने समुदायस्तरको लगानि(CSR)लाइ सामुदायिक वन समुहहरुमा मार्फ़त अनिवार्य गरियोस ।

१९. वन ऐन २०७६ मा भएको कानुनी व्यवस्था अनुसार समुहले वन पैदावार स्वतन्त्र रुपले मुल्य निर्धारण गरी बिक्रीबितरण गर्न पाउने अधिकार सरकारका कार्यबिधीहरुले गैरकानुनी रुपबाट नियन्त्रण गरेको हुदा उक्त व्यवस्था र कार्यबिधीहरु खारेजगरी समुहको अधिकार पुर्णरुपमा सुनिश्चित गर्न सरकार संग जोडदार माग गर्दछौं ।

२०. सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्र भित्र सुखा,ढलापडा, खडा काठदाउरा साधारणसभाको निर्णय मार्फत संकलनगरी आन्तरीक खपतलाई कुनै किसीमले बन्देज लगाउने कार्यलाई बन्द गरीयोस ।

२१. अन्य प्रभावकारी संरक्षणका उपायहरु (OECM) लाई पनि संरक्षित क्षेत्रको रुपमा विकास गर्न खोजिएको देशभरका विभिन्न ५८ वटा क्षेत्रलाई OECM का क्षेत्र भन्दै आएको प्रति हाम्रो असहमति रहेको छ र हालका सामुदायिक वनहरुलाई नै स्वतः OECM को रुपमा मान्यता प्रदान गरियोस ।

२२ विकास साझेदार तथा विभिन्न संघ सस्थाले सामुदायिक वन उपभोक्ता समूहमा कार्यक्रम संचालन गर्दा सामुदायिक वन उपभोक्ता महासंघ नेपालसंग समन्वय तथा सहकार्य गरेर काम गर्न आह्वान गर्दछौ ।
अन्तमा यस नवौं परीषदमा सहयोग गर्नुहुने प्रमुख अतिथी माननिय वन तथा वातारण मन्त्री ज्यू, विशिष्ट अतिथीज्यूहरु, संपुण अतिथि ज्यूहरु, सम्पुर्ण पार्षद प्रतिनीधि ज्यूहरु, सरोकारवाला संघसंस्थाका प्रतिनिधी ज्यूहरु, पत्रकार लगायत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौ ।

..................

ठाकुर भण्डारी

अध्यक्ष

मितिः २०८२।०२।२१